Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष ८ ❑ अंक ३७ २०७७ बैशाख ७ गते आईतवार Sunday 19, APR, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट वचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## प्रदेश १ मा एकै पटक भेटिए १२ जना कोरोना (कोभिड-१९) संक्रमित

विराटनगर । प्रदेश नं. १ सरकारले आफ्नो प्रदेश कोरोना भाइरस कोभिड-१९ वाट सुरक्षित भइ रहेको भन्दा-भन्दै एकै पटक १२ जना कोरोना भाइरस (कोभिड-१९) संक्रमित फेला परेको छ ।

प्रदेश नं. १ को उदयपुर जिल्लाको एक मस्जिदमा शुक्रवार एक जना नेपाली र ११ जना भारतीय मुस्लिम समुदायको व्यक्तिमा कोरोना भाइरस कोभिड-१९ संक्रमण पुष्टी भएको थियो । ती सबै संक्रमितहरुलाई प्रदेश १ सरकारले निर्माण गरेको कोरोना (कोभिड-१९) उपचार केन्द्र विराटनगरमा राखिएको छ ।

उक्त मस्जिदमा १६ जान बस्दै आएकोमा १२ जनामा संक्रमित व्यक्तिसंगै अन्य ४ जना एउटै गाडीमा विराटनगर सम्मा आएका कारण ती ४ जनाको कोशी अस्पतालले भर्ना नलिएपछि तीनीहरुलाई मोरंगको टाडी क्वारेन्टाइनमा राख्न पठाएको थियो ।



शुक्रवार राती उदयपुरवाट १२ जना कोरोना संक्रमितलाई विराटनगरको कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा भर्ना गरैपछि शनिवार एका-एक विराटनगर बजार सुनसान ।

संक्रमितहरु सबै पुरुष हुन् र उनीहरु ४ जना २८ वर्षका, दुई जना २९ वर्षका छन् । वाकी अरु ३४, २६, २२, २५, २० र ४० वर्ष पुगेका व्यक्तिहरु रहेका छन् ।

यसैगरी नेपालमा कोरोना (कोभिड-१९) संक्रमितको संख्या ३१ पुगेको छ जस मध्ये २ जना निको भई सकेको छ । हाल सम्म नेपालमा ८ हजार १७ जनालाई परिक्षण गरिएकोमा ७ हजार ९ सय ८७ जनामा नगेटीभ देखिएको छ । त्यसैगरी आइसुलेसनमा १ सय १७ जना रहेको छ

विश्वभरमा कोरोना संक्रमित २१ लाख २१ हजार ६ सय ७५ रहेकामा ५ लाख ७९ हजार २ सय १२ जना निको भई सकेको छ । त्यसैगरी १ लाख ४२ हजार २ सय ९९ जनाको मृत्यु भई सकेको विश्व स्वास्थ्य संगठनले जनाएको छ ।

वांकी अन्तिम पेजमा...

## स्वास्थ्य कर्मीको लागि आवास व्यवस्था

विराटनगर । प्रदेश नं. १ को विराटनगरमा संचालनमा ल्याएको कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा कामगर्ने डाक्टर, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको लागि आवासको व्यवस्था मिलाएको छ ।

विराटनगर महानगरपालिका वडा नं. ७ बजारको मुख्य सडकको छेउमै रहेको जैन श्वेताम्वर तेरापन्थी सभा भवनमा आवासको व्यवस्था मिलाएको छ । सभाका अध्यक्ष जितेन्द्र गोल्छाले चिकित्सक तथा स्वास्थ्यकर्मीका लागि १९ वटा कोठा उपलब्ध गराएका छन् ।

तेरापन्थी सभाले कोभिड १९ को उपचारमा खटिएका चिकित्सक तथा स्वाथ्यकर्मीका लागि नि:शुल्क आवासको व्यवस्था गर्ने घोषणा गरेपछि सामाजिक विकास मन्त्री जीवन घिमिरे, कोशी अस्पतालकी मेडीकल सुप्रिडेन्ट डा. संगीता मिश्रा लगायतको टोलीले स्थलगत रुपमा भवनका कोठाहरु निरीक्षण गरेका थिए ।

स्वास्थ्यकर्मी तथा चिकित्सकका लागि कोठाहरु उपयुक्त भएको मेसु डा. मिश्राले बताइन् । १९ वटा

वांकी अन्तिम पेजमा...

## पथरी-शनिश्चरेमा कारोना परिक्षण शुरु

पथरी । मोरङको पथरी शनिश्चरे नगरपालिकामा पनि कोरोना परीक्षण सुरु गरिएको छ । नगरको निगरानीमा रहेका उनिहरुको र्‍यापिड टेस्ट किट ( आरडिटी) बाट परीक्षण भइरहेको छ ।

होम क्वारेनटाइनमा रहेका २३ जना र बिदेशबाट आएका ब्यक्तिलाई टेस्ट गर्ने तयारी रहेको छ । परीक्षण पछि नेगेटिभ आएमा घर फर्काइने र पोजेटिभ या संकास्पद भएमा थप आइसोलेसन वा क्वारेनटाइन कहाँ राख्ने भन्ने निर्णय हुने नगर स्वास्थ्य संयोजक मुरारी आचार्यले जानकारी दिए ।

नगरबाट १० जनालाई प्रदेश स्तरीय टाँडीमा रहेको नेपाल आर्मीले तयार पारेको क्वारेनटाइनमा राखिएको थियो । क्वारेनटाइन अवधिभर राखेर परीक्षण गर्दा ९ जनाको रिपोर्ट नेगेटिभ आएपछि उनिहरु घर फर्किसकेका छन् । बुधबारबाट पहिलो चरणको परीक्षण सुरु भएको टेष्टमा नतिजा नेगेटिभ आएको नगर स्वास्थ्य संयोजक मुरारी आचार्यले जानकारी गराएका थिए ।

## कोरोना (कोभिड-१९) उपचार केन्द्रलाई सहयोग

विराटनगर । प्रदेश नं. १ को राजधानी विराटनगरमा कोरोना भइरस (कोभिड-१९) संक्रमित व्यक्तिको उपचारको लागि स्थापना गरिएको कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रको लागि विभिन्न दातृ संस्थाहरुबाट स्वास्थ्य सामग्री र उपकरणहरु सहयोग प्राप्त भई रहेको छ ।

कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रका लागि तीन वटा गैरसरकारी संस्थाले बैशाख ३ गते ६ वटा आईसीयु वेड हस्तान्तरण गरेका छन् । सो वेडहरु प्रदेश नं. १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेलेलाई हस्तान्तरण गरिएको थियो ।

सहयोग गर्ने दातृ संस्थाहरुमा करुणा फाउण्डेसन नेपाल र नेदरल्याण्ड लेप्रोसी रिलिफ ( एनएलआर) ले ३ लाख ५९ हजारको ३ वटा आईसीयू वेड र स्वीस सरकार विकास सहयोग (एसडिसी) ले ३ लाख ५० हजारको ३ वटा आईसीयू वेड संयुक्त रुपमा हस्तान्तरण गरिएको थियो ।

त्यसैगरी कोभिड १९ अस्पताललाई विश्व लुथरन फेडेरेसन (एलडब्लुएफ) ले ३ लाख ६० हजार पर्ने १० केभिएको अनलाईन युपीएस हस्तान्तरण गरिएको लुथरन कार्यक्रमका व्यवस्थापक यज्ञ गौतमले जानकारी दिएको छ ।

आईसीयु वेड र अनलाईन युपीएस ग्रहण गर्दै मन्त्री घिमिरेले कोरोना भाईरस विरुद्ध लड्नका लागि सरकार मात्रै नभएर समाजका सवै अंगको उत्तिकै भूमिका खेलिरहेको भन्दै कोभिड अस्पताललाई अहिले विभिन्न दातृ संस्थाहरुबाट विभिन्न स्वास्थ्य सामाग्री र उपकरणहरु जुट्दै गएकाले दाता प्रति मन्त्री घिमिरेले आभार गरिएको थियो ।

प्रदेश नं. १ सरकारले नमुना कोभिड अस्पताल विराटनगरको पुरानो नेशनल ट्रेडिङ्को भवनलाई पुन:निर्माण गरी नमुना अस्पताल वनाएको छ ।

त्यसैगरी कोभिड-१९ अस्पतालाई विराटनगर राउण्ड टेवल

वांकी अन्तिम पेजमा...

सूचना सूचना सूचना

कोरोना भाइरस(कोभिड-१९) को विश्वव्यापी संक्रमणवाट नेपाल समेत उच्च जोखिममा रहेको भनी विश्व स्वास्थ्य संगठनवाट प्रभाहित सूचनालाई मध्यनजर राखि मोरंग जिल्ला भित्र यस भाइरसवाट हुन सक्ने संक्रमण र फैलावटलाई दृष्टिगत गरी जिल्लामा होली नखेल्न, भिडभाडमा नजान, उत्सव, मेला, सभा, सम्मेलन नगर्न तथा त्यस्ता पर्व, मेला, उत्सव तथा कार्यक्रममा नजान र उच्च सतर्कता अपनाउनको लागि सम्पूर्ण जिल्ला बासीहरुमा अनुरोध गरिन्छ ।

जिल्ला प्रशासन कार्यालय मोरंग
प्रदेश नं. १ विराटनगर

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.
Email Id: chattdev007@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## प्रदेश १...

प्रदेश नं. १ मा ६२ महिला सहित ५ सय ४४ पुरुष गरी जम्मा ६ सय ६ जना क्वारेन्टाईनमा बसेकोमा ४ जना महिला र १६ जना पुरुष गरी २० जनालाई डिस्चार्ज गरि सकेको प्रदेश सरकारले जनाएको छ। आइसुलेशनमा ५ महिला र १७ पुरुष गरी जम्मा २२ जन बसेका छन्। त्यसैगरी पीसीआर परीक्षणको लागि पठाएकोमा ३ सय ७१ जनाको स्वाप पठाएकोमा १२ जनाको पोजिटिभ देखिएको ३ सय ४३ जनामा नगेटिभ रिर्पोट आएको छ। त्यसैगरी आरडीटी परिक्षणको लागि पठाएको १५ सय २६ जनामा ३ जनालाई पोजेटिभ देखिएको वाकी सवै नेगेटिभ देखिएको छ।

प्रदेश नं. १ मा एकै पटक फेलापरेको १२ जना संक्रमितलाई विराटनगर कोभिड-१९ उपचार केन्द्रमा ल्याएपछि विराटनगर वजार क्षेत्र आपसे-आप शान्त भएको छ। केही दिन पहिले लकडाउन कै अवस्थामा वजारमा आवतजावत भई रहेको थियो भने शुक्रवार राती ती संक्रमित विराटनगरमा आएको खवरले विराटनगरका सडक सुशनसान देखिएको थियो।

## कोशीमा...

नम्वर ५ र काठमाण्डौं मेट्रो राउण्ड टेवल नम्वर ४ ले संयुक्त रुपमा २ वटा आईसीयु वेडहरु यस अघि नै हस्तान्तरण गरिसकेको छ।

करुणा फाउण्डेसनले सामाजिक विकास मन्त्रालयसँगको समन्वयमा स्पाइनल इन्जुरी भएका ३९ जना अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न स्वास्थ्य सामाग्रीहरु र १ सय थान व्यक्तिगत सुरक्षा उपकरणहरु समेत उपलब्ध गराएको छ।

## स्वास्थ्य...

कोठामा १/१ जना राखिने उनले भनाई छ। मन्त्री घिमिरेले जैन भवनका कोठाहरु उपलब्ध गराएकोमा तेरापन्थी सभाप्रति हार्दिक आभार व्यक्त गरेका थिए। उनले आवास गृहमा खटिने जैन भवनका कर्मचारीको सुरक्षासँगै प्रोत्साहन गर्ने समेत बताएका थिए।

जैन भवनका कोठा कोभिड-१९ उपचार केन्द्रमा खटिने चिकित्सक र स्वास्थ्यकर्मीलाई कोरोनाको उपचार समाप्त नहुन्जेल सम्मका लागि उपलब्ध गराएको छ।



**धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी रहौं।**

# गाउँपालिका द्धारा राहत अस्वीकार

विराटनगर। नेपाली काँग्रेसका महासमिति सदस्य डा.सुनिल शर्माले प्रदान गर्न लागेको राहत रकम कानेपोखरी गाउँपालिका अध्यक्ष ताराबहादुर काफ्लेले अस्वीकार गरेको छ।

कोरोनाको महामारी भई रहेको वेला शर्माले प्रदेश १ को मोरंग जिल्लाको क्षेत्र नं. ३ का चारवटै पालिकालाई सामूहिक रुपमा ५/५ लाख राहत प्रदान गर्ने कार्यक्रम वेलवारीमा बोलाउँदा कानेपोखरीले आधिकारीक सूचना नभएको भन्दै राहत अस्वीकार गरेको थियो।

सो घटनाको काँग्रेस कानेपोखरीले प्रेस बिज्ञप्ति जारी गरेर कोरोनाको महामारीका बेला दिन लागेको राहत अस्वीकार गरेको भन्दै यसलाई अक्षम्य घटनाको संज्ञा दिएको छ। काँग्रेस कानेपोखरी सभापति योगेन्द्र दाहालद्वारा जारी बिज्ञप्तिमा सो कुरा भनिएको छ

सो बिज्ञप्तिमा भनिएको छ 'यहि क्षेत्रका सुन्दर-हरैंचा, बेलबारी र पथरी-शनिश्चरे नगरपालिकाले बैंक खाता हँदा-हुँदै पनि प्रमुखहरु आफै सहभागि भएर राहत रकमको चेक लिने तर, कानेपोखरी गाउँपालिकाले अस्वीकार गर्नुलाई हामीले अक्षम्य घटनाको रुपमा लिएका छौ।

राहत नलिएर गल्ति गरे लगत्तै गाउँपालिका प्रबक्ताले बिज्ञप्ति सार्वजनिक गरेर गाउँबासीलाई भ्रम फैलाएको र बिधिको शासनलाई लत्याएको कांग्रेसको ठहर छ। यता, आवश्यकताको आधारमा राहत वितरण गर्न सर्वदलिय राहत वितरण समिति गठन भएतापनि एकलौटी रुपमा नेकपाले संकलन गरेको नामावलीका आधारमा राहत वितरण भईरहेको भन्दै कांग्रेसले आपत्ति जनाएको छ।

कांग्रेसले सात वटै वडामा न्यायोचित हिसावले राहत बाढ्न माग पनि गरेको छ। त्यस्तै कानेपोखरी ! नं.वडामा गाउँपालिका उपाध्यक्षले एकद्वार नीति उल्लंघन गर्दै मानोमानी रुपमा नेकपाको तर्फबाट राहत बाढेको भन्दै कांग्रेसले भर्त्सना गरेको छ। राहत वितरणमा नेकपाको चरम राजनीति र काँग्रेस प्रतिनिधिसभा उम्मेद्वार डा. शर्माले दिन लागेको राहत अस्वीकार तथा वितरण न्यायोचित नभएको भन्दै अव कानेपोखरी काँग्रेसले एकद्वार नीति उल्लंघन गर्ने बिज्ञप्तिमार्फत चेतावनीसमेत दिएको छ। कानेपोखरी बाहेक ३ नम्बर क्षेत्रका तीन नगरपालिकामा भने एकद्वार नीतिमार्फत नै राहत वितरण हुँने काँग्रेसले जनाएको छ।

# विराटनगर महानगर पालिकाको सूचना

१. घर, पसल, व्यवसायिक प्रतिष्ठान, शिक्षण संस्था आदिबाट दैनिक निस्कने फोहोर विहान ८ बजे भित्र न.पा.को साझेदार संस्था (फोहोर ब्यवस्थापन गर्ने संस्था) को साधनमा मात्र हाल्नूहोला।
२. घरदैलोबाट दैनिक निस्कने फोहोर कागज, प्लाष्टिक, शिसा, फलफुल तथा तरकारीको वोक्रा आदि घरमा छुट्याई व्यवस्थापन गरौं।
३. घरबाट निस्कने जैविक (कूहिने) फोहोरलाई घरमा नै कम्पोष्ट मल बनाऔं।
४. आफ्नो घर कम्पाउण्ड भित्र र बाहिरबाट निस्कने झारपात, जंगल, दूबो आदि बाटोमा नफालौं। घर कम्पाउण्डमा नै खाल्डो खनी मल बनाऔ।
५. फ्रेशहाउस तथा माछा मासू पसल, फलफूल तथा तरकारी लगायत अन्य पसल आदिले गरेको फोहोर ब्यवस्थापन आफै गरौ। अन्यथा रु. ५००।- देखि १५०००।- पन्द्र हजार सम्म जरिवाना गरिने छ।
६. नगरपालिकाको साझेदार संस्था बेष्ट मेनेजमेन्ट ग्रूप नेपाल प्रा.ली. ले घरदैलो कार्यक्रम संचालन गरिरहेको हूँदा साधारण घरले मासिक रु.२००।- (हप्ताको २ पटक संकलन हूने) र रु. ५००।- ( हप्ताको ७ पटक संकलन हूने गरी ) शूल्क तिरेर सदस्यता वनी फोहोरमैला ब्यवस्थापन गरौं।
७. स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोर ब्यवस्थापन गर्ने दायित्व स्वम् स्वास्थ्य संस्था को नै हूने छ। अन्यथा फोहोरमैला ब्यवस्थापन ऐन २०६८ बमोजिम रु. ५०००।- देखि १०००००।- एक लाख सम्म जरिवाना दण्ड जरिवाना गरिने छ।
८. घरपालूवा चौपाया सूगूर, गाइ, गोरु, रागा, भैंसी ,खसी, बाख्रा लाई छाडा छोडेमा जरिवाना गरिने छ। पक्रिएको १० दिन सम्म लिन नआएमा लिलाम बिक्री गरिने छ।
९. निर्माण सामाग्री सडकमा नराखौं, २४ घण्टा भित्र आफ्नो कम्पाउण्डमा राखौं।
१०. नालामा घरको शौचालयको पाइप जडान गर्नू जघन्य अपराध हो, यदि जडान गरेको भए तूरन्त बन्द गरौं अन्यथा न.पा. ले जारी गरेको फोहोरमैला निष्काशन, संकलन तथा अन्तिम विसर्जन सम्बन्धी निर्देशिका २०६८ बमोजिम ५०००।- देखि १०००००।- एक लाख सम्म दण्ड जरिवाना गरिने छ।
११. घर कम्पाउण्ड भित्र कम्तिमा ३ वटा विरुवा रोपी हूर्काऔं। जमिन नभए ७ वटा गमलामा फुल रोपी सहरको सौन्दर्यता बढाऔ।
१२. सके सफा गरौ नसके फोहोर नगरौ।
१३. निम्न समस्या भए सम्बन्धित ब्यक्तिलाई खवर गरी सहयोग गरौं।
   १. घरदैलो फोहोर संकलन :- जेवर लाल मण्डल सम्पर्क नं. ९८०२७५४९१८
   २. घर दैलो सेवा शूल्क संकलन :- रमण गौतम सम्पर्क नं. ९८०१३०३६४५
   ३. नाला कलभर्ट सफाई मृत जीवजन्तू, बेवारीसे सव ब्यवस्थापन : सिकन्दर मरिक सम्पर्क नं. ९८०१३०३६५८

प्लाष्टिकको झोला प्रयोग नगरौं, जथाभावी फोहर नफालौं, सकेसम्म कम फोहर उत्पादन गरौं

**अन्य समस्या भएमा**

साझेदार संस्था
वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल र जे.भी
सम्पर्क नं. ९८१३२०७७८८

विराटनगर महानगर पालिका
सम्पर्क नं. ०२१-४६३१००, ०२१-५२३३०

# वडा-वडामा कारोना परीक्षण अभियान

विराटनगर। विराटनगर महानगर पालिकाले महानगर स्वास्थ्य टोलीको निगरानीमा शंकासपद व्यक्तिहरुको वडा-वडामै कोरोना परिक्षण अभियान शुरु गरेको छ।

स्वास्थ्य टोलीको निगरानीमा रहेकाहरुको र्‍यापिड टेस्ट किट ( आरडिटी) बाट परिक्षण गरिएको छ। विराटनगर महानगर पालिका वडा नं. १ र ३ मा होम क्वारेनटाइनमा रहेका र बिदेशवाट आएका २७ जनाको परिक्षण गरिएको महानगरका मेयर भीम पराजुलीले जानकारी दिएका थिए।

विराटनगर महानगर पालिका भित्र रहेका १९ वटै वडाहरुमा केही दिनभित्रै परिक्षण सक्नेगरी काम भइरहेको छ। अहिलेसम्म महानगर सुरक्षित रहेपनि सिमाक्षेत्रवाट हुने समस्या समाधानका लागि अधिकतम प्रयास भइरहेको मेयर पराजुलीको भनाइ छ।

परिक्षण पछि नेगेटिभ आएकाहरुलाई घर फर्काइने छ भने पोजेटिभ या संकास्पद भएकाहरुलाई आइसोलेसन वा क्वारेनटाइन कहाँ राख्ने चिकित्सको सल्लाहा अनुसार गर्ने विराटनगर महानगरका स्वास्थ्य महाशाखा प्रमुख रमेश कार्कीले जानकारी दिए। यस अघि महानगरको निगरानीमा क्वारेन्टाइन बसिरहेकाहरु घर फर्किसकेका छन्।

यस्तै विराटनगरको बैझनाथ पुरमा रहेको क्वारेन्टाइनमा ५ जना कोरोना आशंका गरिएका मानिसहरु राखिएको छ।

# थला परेको विरामी झापाबाट उद्धार

बिराटनगर। नोबेल शिक्षण अस्पतालका सञ्चालक डा.सुनिल शर्माले उपचार गर्ने पैसा नभएर १२ बर्ष अघिदेखि थला परेका बिरामीलाई झापाबाट उद्धार गरेको छ। झापाको बुद्धशान्ति गाउँपालिका-४ जुनेलीबस्तीका ३१ बर्षीय हस्तबहादुर दर्जीलाई उद्धार गरेर उपचारका लागि नोबेल अस्पताल ल्याइएको छ।

१२ वर्ष अगाडी रुखबाट लडेर मेरुदण्ड भाचिएपछि दर्जीको कम्मर भन्दा मुनिको भाग चल्न छोडेकाले उनी थला परेर घरमै बसेका थिए। ओछ्यानमै दिसा, पिसाव हुँदा पनि उपचार गर्ने पैसा नभएकाले उनी पीडादायी जीवन बिताउँन बाध्य रहेका थिए। दर्जीले भने-'उपचार गर्ने पैसा नहुँदा आफ्नो नाममा भएको एक कठ्ठा जग्गा पनि मास्नु पर्‍यो। त्यो पैसाले पनि नपुगेपछि केहि सिप नलागेर !२ बर्ष अघिदेखि ओछ्यान परेको हुँ।' बर्षौ अघिदेखि उठ्न नसकेर सुतिरहदा उनको शरिरको पछाडीको अधिकांस भागमा घाउ छ। घाउ निश्किने र पाक्ने क्रम चलिरहदा उनी दुर्गन्धित अवस्थामा थिए।

दर्जीको यस्तो पीडादायी अवस्था थाहा पाएपछि बुद्धशान्ति गाउँपालिका अध्यक्ष रमेश कुमार भुजेलले उनको उपचारका लागि पहल गरेका हुन्। अध्यक्ष भुजेलले दर्जीको पीडादायी अवस्था जानकारी गराएपछि डा.शर्माले उनलाई नोबेल अस्पतालमा नि:शुल्क उपचारको व्यवस्था मिलाइदिएको छ।

**सुचना सुचना सुचना**

१९

**एउटै उद्देश्य-एउटै नारा भ्रष्टाचारवाट छुटकारा हामी सबैको अभिभारा।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## बिराटनगर महानगरपालिकाको अपिल

- नोभेल कोराना (कोभिड १९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सबै पसल, उद्योग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुको लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने।
- नोभेल कोराना (कोभिड १९) भाईरस विरुद्ध सामाजिक संघ सस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्वार प्रणालिको व्यवस्थापन कार्यमा सहयोग गर्ने।
- महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सुचना नभएसम्मका लागि स्थगित (बन्द) गर्ने।

थप जानकारीको लागि: ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

### कोरोना भन्दा खतरनाक भोकवाट नागरिकलाई बचाऔं

कोरोना भाइरसका कारण विश्वका करीव २ सय १० मुलकहरु तवाह भई सकेको छ भने कतिपय देशमा अव भोकका कारण आम नागरिक ज्यान दिन थालेको समाचारहरु सुन्न चालेका छौ। कही कोरोना भन्दा पनि खतरनाक भोकमरीको विरामी विश्वमा शुरु हुन्छ। कोरोना भाइरस कोभिड-१९ वाट प्रभावित देश र कोरोनाको संक्रमणवाट जोगिने सवैदेशको एउटै उपाय अवलम्वन गर्नु परेको छ लकडाउन। लकडाउनले गर्दा दैनिक ज्यालादारीमा काम गर्ने लाखौ मजदुरहरु वेरोजगार भई भोक भोकै बस्न वाध्य भएका छन्। भोकले मानिस दुईचार दिन वाच्न सक्छ। त्यसपछि मर्नुको विकल्प छैन्। आम नागरिकले भन्न थालेका छन् भोकले मर्नु भन्दा रोगले मर्नु नै वेस हुन्छ। आमनागरिकलाई भोकले मर्न नदिनका लागि सरकारले लकडाउनको अवधिभर खानाको व्यवस्था मिलाउनु पर्छ।

देश, राज्य र समाजले मानिसहरुलाई कोविड १९ को संक्रमण र भोकवाट उचित तरीकाले जोगाउने विषयमा दरिलो तरिकाले आम नागकिले प्रतिवद्धता जनाउँदै चरम भोकमरीको सामना गरी रहेका संकटग्रत क्षेत्रमा मानवीय सहयोग तत्काल सरकाले पुगाउनु पर्छ। हाम्रो छिमेकी देश भारत लगायतका देशहरु ज्याला दारीमा काम गर्ने समुदायकालागि खाद्यान राहतमा दिने घोषणा गरि सकेका छन्। जनतालाई राहत प्रदान पनि गरि रहेको छन् तर हाम्रो देशको राहतमा पनि राजनीति भई रहेको छ। ठूलावडा नै राहत पाउंछ। संकटमा परेका समदाय त्यसै वसेका छन्। वितरण गरेको तथ्यांकमा देखाएको कुरा वितरण नै नगरी तथ्यांक वनाउने काममा तल्लीन भएका छन् स्थानिय जनप्रतिनीधिहरु जसको समाजमा व्यापक विरोघ पनि भइ रहेको छ।

सबैभन्दा चुनौतीपूर्ण विषय अवरुध्द वितरण श्रृंखला र मूल्य अस्थिरताका कारण खानाको पहुँचमा आउने संकट हो। यसका लागि राज्यका नियामक तथा परिचालन संयन्त्रको सुदृढीकरण गरी सक्रियता बढाउनु जरुरी छ। त्यस्तै खाध्यान्नमा हुने नोक्सानी कम गर्न सके तीव्र भोकको सामना गरिरहेका मानिसहरूलाई खुवाउन सकिने अवस्था हुन्छ। खाध्य नोक्सानी खाध्य उत्पादनदेखि उपभोगसम्मका विभिन्न चरणहरूमा देखा पर्दछन्। प्रायःजसो उत्पादन भएको करिव आधा खाध्यान्न कुनै न कुनै तरिकाले नोक्सान भई रहेको छ। खाद्यानलाई बचाएर त्यो खाद्यान भोकको संकटमा परेको उपभोक्ता सम्म पुऱ्याउन अहिलेको आवश्यकता भएको छ र भोकवाट आम नागरिकको जीवन रक्षा गर्नु अहिलेको आवश्यकता छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# कोरोना भन्दा भोक बढी खतरनाक

## कोरोना संक्रमणले निम्त्याएको विश्व खाद्य संकट

**मदन बहादुर बीके**

आजकल कोभिड १९ बाट हुने मृत्युको आँकडाले हरेक दिन सबैलाई तर्साइरहेको छ। तर, सारै कम व्यक्तिहरूलाई मात्र थाहा होला कि भोक आज पनि मृत्युको सबैभन्दा ठूलो कारण हो। भोक र भोकसम्बन्धी रोगहरूका कारण प्रत्येक वर्ष एक करोड अर्थात प्रतिदिन २५ हजारभन्दा बढी मानिस मर्ने गर्दछन्।

भारतमा प्रतिवर्ष २५ लाखभन्दा बढी अर्थात प्रति दिन ७ हजार मानिस भोकका कारणले मर्ने गरेका छन्। हरेक दस सेकेन्डमा एउटा बच्चा भोकले मर्दछ। युनिसेफको प्रतिवेदन (२०१८) अनुसार करिब ३१ लाख बच्चाहरू कुपोषणका कारण मर्दछन्। यो संख्या ५ वर्षमुनिका बच्चाहरूमा हुने मृत्युको झन्डै आधा हो।

यसैले, भोक अझै पनि विश्वको सबैभन्दा ठूलो स्वास्थ्य समस्या हो। एफएओको प्रतिवेदन (२०१९) अनुसार विश्वभर ८२ करोड मानिसहरु भोकबाट पीडित छन्। सबैभन्दा बढी कुपोषित मानिसहरू एसियामा बस्छन्।

अब कोभिड १९ को महामारीले पक्कै पनि कुपोषित मानिसहरुको संख्या बढाउने छ। यस्तो प्रक्षेपण गरिएको छ कि विश्वव्यापी अर्थतन्त्रमा एक प्रतिशत विन्दुले मन्दी आउँदा गरीबको संख्या र खाध्यान्न असुरक्षित व्यक्तिको संख्या २ प्रतिशतले बढ्छ। अर्थविद्हरूले यो महामारीका कारण विश्वव्यापी आर्थिक वृध्दिमा आधा कटौती हुन सक्ने अनुमान गरेका छन जसअनुसार ३ प्रतिशतको पूर्वानुमान अब १.५ प्रतिशतमा सीमित हुनेछ। यो अनुसार करिव २ करोड १० लाख भन्दा बढी थप मानिसहरूलाई तत्काल खाध्य संकटमा धकेल्ने छ।

अक्सफामले हालै प्रकाशित गरेको प्रतिवेदनमा कोरोनाले विश्वभर ५० करोड गरिब थपिने प्रक्षेपण गरेको छ। डब्ल्यूएफपीको अनुमान अनुसार १२० देशहरुका ३ करोड २० लाख स्कुले वालवालिका विध्यालय बन्द भएका कारणले दीवा खाजाबाट बन्चित छन।

अन्तराष्ट्रिय श्रम संगठनका अनुसार लगभग २ अरब ७० करोड कामदारहरू पूर्ण वा आंशिक बन्दमा परेका छन।जागिर गुमाउनु भनेको खानाको जोहो गर्ने क्षमता पनि गुमाउनु हो। यस अनुसार अल्प विकसित मुलुकहरुमा भोकमरी सुरु भइसकेको छ। आपूर्ति श्रृंखला अवरोधले गर्दाखाध्यान्न आपूर्तिमा अवरोध हुने हुदा यसले अनिकालको अवस्थालाई थप गम्भीर बनाएको छ।

अन्तराष्ट्रिय श्रम संगठनको अनुमान अनुसार यस महामारीको कारणले विश्व बजारले २ करोड ५० लाखसम्म रोजगारी गुमाउनेछ। यसबाट बैदेशिक रोजगारीमा श्रमिक पठाउने मुलुकहरूलाई गंभीर असर पर्नेछ। किनभने, यसबाट विप्रेषण आयमा भारी गिरावट आउनेछ। विप्रेषण आयमा आश्रित घर परिवारले भोकका लागि सामना गर्ने क्षमता गुमाउने छन्। यसले भोकमरीको जनसंख्याको दायरा झनै बढाउनेछ।

कोविड १९ महामारीको असरले कमजोर समुह र कमजोर विश्व अर्थतन्त्रलाई कडारुपमा हिर्काइरहेको छ। तथापि यसले विकसित मुलुकहरुलाई पनि छोडेको छैन। किनकि, ती देशहरूमा संक्रमण झन बढी देखिएको छ। त्यसैले महामारीको पहिलो प्रभाव खाध्य सामग्रीको उपलब्धता र पहुँचमा विश्वव्यापी रुपमै परेकोछ।

विशेष गरी कमजोर समुहहरू, जस्तै महिला युवा तथा अनौपचारिक क्षेत्रमा काम गर्ने सामाजिक सुरक्षा र बेरोजगारी बिमामा पहुँच नभएकाहरुको लागि झनै गम्भीर हुने देखिन्छ। दैनिक मजदुरी गर्ने, सुकुम्बासी, अपांग, शरणार्थी र प्रवासी मजदुरहरू जस्ता अति गरिबहरूलाई यसले झनै संकटग्रस्त बनाएको छ।

कतिपय ठाउँमा त द्वन्द्व पनि चलिरहेको छ। द्वन्द्वका कारण लाखौं मानिस पहिलेदेखि नै भोकमरीको चपेटामा छन्। चरम भोकको सामना गर्नेहरू मध्ये करिब ७४ करोड मानिसहरू द्वन्द्व वा असुरक्षाबाट प्रभावित छन्। यदि कोविड १९ को महामारी ती देशहरूमा फैलियो भने के हुन्छ होला ? संक्रमणको लक्षण त देखिइसकेको छ। यो महामारीले नयाँ द्वन्द्व र भोकमरी सिर्जना गर्ने संभावना पनि त्यतिकै छ।

सन् १९९० को दशकदेखि आर्थिक रूपान्तरण गर्ने क्रममा चीनले आफ्नो खाध्य उत्पादन प्रणालीलाई औद्योगिक स्तरमा अगाडि बढायो। यसले गर्दा साना किसानहरु विस्थापित भए। जीविकोपार्जनको लागि नयाँ तरिका खोज्दै, तिनीहरूमध्ये केही जंगलको छेउमा गई 'जंगली' प्रजातिको खेतीतिर लागे। यसले गर्दा पशुजन्य रोगको प्रकोप बढ्दै गयो।

नवउदारवादले ठूला कम्पनी हरूको प्रवर्धन गरी मानव प्रतिरोधात्मक प्रणालीलाई कमजोर वनाउने र संक्रमण वढाउने वातावरण बनायो। वास्तवमा यो एक प्रकारको 'नवउदार उत्पीडन' हो। खाना केवल वस्तु मात्र होइन, यो एक मानवीय क्षमता र अधिकारको आन्दोलन होस अर्थात् खाना र खाध्य सम्प्रभुताको अधिकार। त्यसकारण मानविय प्रतिरक्षा प्रणालीलाई पुनर्जीवित गर्ने, वातावरण संरक्षण गर्ने, सांस्कृतिक विविधतालाई सम्मान गर्ने र बहुलवादलाई पुरस्कृत गर्ने कुरालाई जोड दिई स्थानीय खाध्य प्रणालीको संरक्षण गर्ने गरी विश्वको अर्थव्यवस्थाको पुनर्संरचना गर्नु आवश्यक भएको छ। खाध्य सुरक्षाले व्यक्ति, परिवार, समाज, राज्य र समग्रमा विश्वमा नै बहुआयामिक प्रभाव पार्दछ।

यसको असर दीर्घकालीन हुन्छ। तसर्थ महामारी समाप्त भएपछि पनि यसले आर्थिक सुधारमा अवरोध सिर्जना गर्दछ। आर्थिक झट्काहरु चरमभोकका प्राथमिक चालक हुन्। तसर्थ, यो स्वास्थ्य संकट भन्दा अझ बढी मानविय संकट हो। राज्य र समाजले मानिसहरूलाई कोविड १९ को संक्रमण र भोकबाट उचित तरीकाले जोगाउनेविषयमा दरिलो प्रतिबध्दता जनाउनुपर्दछ। मानिस हरूले चरम भोकको सामना गरिरहे का सबैभन्दा संकटग्रस्त क्षेत्रमा मानवीय सहयोग तत्कालै पुर्याउनु पर्छ।

कतिपय देशहरूले त्यस्ता कमजोर समूहहरूका लागि राहत प्याकेज घोषणा गरिसकेका पनि छन्। केही प्रभावकारी उपायहरूमा सामुदायिक खाध्य बैंक, खाध्य सहायता, नगद वा खाध्यहस्तान्तरण, खाध्य कुपन, रासन कार्ड इत्यादि हुन सक्छन्। सबैभन्दा चुनौतीपूर्ण विषय अवरुध्द वितरण श्रृंखला र मूल्य अस्थिरताका कारण खानाको पहुँचमा आउने संकट हो। यसका लागि राज्यका नियामक तथा परिचालन संयन्त्रको सुदृढीकरण गरी सक्रियता बढाउनु जरुरी छ।

घरेलु आम्दानीको पुनरूत्थानले विश्वव्यापी अर्थतन्त्रलाई फेरि सक्रिय व्यवस्थामा ल्याउनेछ। त्यसका लागि रोजगारीलाई सुचारु राख्न अन्तराष्ट्रिय श्रम संगठनले काम गर्ने ठाउँमा कामदारहरूलाई सुरक्षित राख्ने, अर्थव्यवस्था र रोजगारीलाई उत्प्रेरित गर्ने, सानातथा मझौला उध्यमहरूका लागि वित्तीय र कर राहतको व्यवस्था गर्ने उपायहरू अवलम्बन गर्न आव्हान गरेको छ। परिवर्तित सन्दर्भमा जीविकोपार्जनको विविधीकरण गर्नु पनि जरुरी छ।

त्यस्तै खाध्यान्नमा हुने नोक्सानी कम गर्न सके तीव्र भोकको सामना गरिरहेका मानिसहरूलाई खुवाउन सकिने अवस्था हुन्छ। खाध्य नोक्सानी खाध्य उत्पादनदेखि उपभोगसम्मका विभिन्न चरणहरूमा देखा पर्दछन्। प्रायःजसो उत्पादन भएको करिव आधा खाध्यान्न कुनै न कुनै तरिकाले नोक्सान हुने कुरा विभिन्न लेखहरुमा उल्लेख गरिएको पाइन्छ। यसले त करिव २ अरब मानिस (विश्वभरि कुपोषित मानिसहरूभन्दा दुई गुणा बढी) लाई खुवाउन पुग्दछ।

यसले घरेलु आम्दानी बढाउने छ, खाध्यान्न उपलब्धतामा सुधार ल्याउनेछ छ। खाध्यान्नको आयातलाई घटाउने छ र व्यापार सन्तुलनमा पनि सुधार ल्याउनेछ। यद्यपि यसका लागि वितरण श्रृंखला यथावत् पुनर्स्थापित गर्नु आवश्यक छ। अन्यथा, बन्दले खाध्यान्नको नोक्सानी झनै बढाउन सक्छ। किनकि, किसानहरू बजारमा उत्पादन ल्याउन असमर्थ छन्। सामाजिक सञ्जालहरू तथा नागरिक क्रियाक्लापहरु खाध्य सुरक्षाको महत्वपूर्ण सुरक्षा कवज हुन्, जसले खाध्य सुरक्षाका लागि उत्थानशीलता निर्माण गर्दछ। त्यस्तै सञ्चार माध्यम खाध्य संकट समाधानका लागि सबैभन्दा राम्रो पूर्वसुचना प्रणाली हुन सक्छन्। यसलाई प्रवर्धन गर्नु जरुरी छ।

वांकी पेज ५ मा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

### अस्पताल

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आाखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



**पहिचान, उत्थान आर विकासके लेल मगही भाषा पृष्ठ**

# विहामे लड्कीके घरमे होयवाला विधी

**श्याम सुन्दर सुतिहार**

१. सवारी साधनको पूजा : लड्का अर्थात दुल्हा जे साधन मे चढके लड्कीके घर जाय है उ सवारी साधन आर दुल्ला दोके पूजा पाठ करल जाय है । पहिने के समयमे लड्काके ले सवारीको रुपमे पाल्की के प्रयोग करत रहै । पाल्की लकडीके वनल छोट घर जैसन बनल दोनो तरफ लम्वा लक्डी लगाके दुईगो आदी अगा आर दुईगो आदमी पछासे कन्हामे लक दुल्हाके लड्की घरमे पहुचावल जायत रहल रहै आर वहे पाल्कीके पूजा पाठ करैक चलन रहै लेकिन ऐखैनका आधुनिक यूगमे पाल्की कार, भेन जायके कारण कार भेनके बासंके दाउरीमे फलफूल, केरा, पानके पात, चाउर, पानी लक पूजापाठ करल जाय हैं । जेकरा गााडी पर्छना कहल जाय हैं ।

२. दुल्हा पर्छाइ (दुल्हा पूजा) : जे सवारी धानमे वठल रहै छैय दुल्हा उ दुल्हाके दुल्हा पर्छाइ अर्था पूजा करल जाय हैं । उ पूजा कनियाके माय, पिसी, काकी, बहिन लगायतके नाता गोताके लोग सव सवारी साधनमे दुल्हाके वांसके दाउरीमे राखल सामग्री, पान, फूल, फल, चाउर, धुप, बत्ती, केला, धान लगायतके सामग्रीसे पूजा-पाठ कैरके पानके पात से दुल्हाके गाल सेकल जाय है आर दुल्हाके केकरो नजर नय लागै कहिके काजल सेहो लगावल जाय है । आर सव सुहागीन महिला सव वेरावेरी पर्छन करै है । उकर वाद दुल्हाके घरमे प्रवेश कराव है ।

३. बरयाती स्वगत : दुल्हाके साथ आईल लोग सवके बरियाती कहल जाय है । बरियाती सवके लड्की पक्षके लोग सब भव्य स्वागत करै है । वराती सवके हात गोड धुवाना, एक जगह वैठाना तेकर वाद सर्वत खुवाल जाय है । तेकर वाद बरियाती सवके अफन-अपन शक्तिके अनुसार नास्ता आर खाना खुवाल जाय है । तेकर वादी विहा के अन्य विधी शूरु करल जाय है ।

४. स्वंयवर : लड्की पक्षके सरियाती आर दुल्हापक्षके बरियाती सवके अगामे साक्षी रैखके स्यंमवर करल जाय है । सव बरिया सरियातीके अगामी दुल्हा आर दुल्हीके अगामे रखजाय है । दुल्हाके वहोनाइ आर लड्कीके संगीनी सव मिलके दुल्हा दुल्हीके वरमाला पहनावल जाय है । तेकर वाद औठी सेहो पहनावल जाय है और वहे समय दुल्हा दुल्हीके मिठाई खवाव है आर दुल्ही दुल्हाके मिठाई खुवाव हैं । आर वडबुजरुक, सव दुल्हा दुल्हीके आर्शिवाद सेहो द है । और स्वंयवर सम्पन्न होइ हय । स्वंयवर सम्पन्न के मतल विहा सम्पन्न मानल जाय है । आर उ समयमे बरियाती आर सरीयाती दोना मिलके ताली वजाके खुशियाली मनाव है आर दुल्हा दुल्हीके सफल जीवनके लेल शुभकामना सेहो देल जाय है ।



लड्कीके घरमे विहाके लेल बनायल बडुवा

५. तिलक : दुल्हाके अगर पहिले तिलक नै भेलाके से विहासे पहिले लड्कीएके मड्वाके नजदीकमे तलके विधी विधानसे तिलक कैरके लड्कीके सेहो तिलक करलाके वाद विहा के विधी शूरुकरल जाय है ।

६. मण्डप (मडुवा) परिक्रमा : मडुवा मे दुल्हा आर दुल्ही प्रवेश करैसे पहिले दुल्हीके छोट भाई दुल्हा आर दुल्हीके मडुवाके पांच वेर परिक्रमा कराव है । परिक्रमाके समयमे धानके लावा सेहो छिटल जाय है ।

७. अठमंगल : दुल्हा सगे आईल दुल्हाके वहुनाई सव कम्तीमे पांच आदमी आर दुल्हा मिलके उखरीमे राखल धानके समाठ लके पांच वेर चोट माइरके धानसे चाउर निकाल है । ओकरा से निकल पांचको चाउर लके दुल्हाके वाप, मामा, काका, मेसे एक झन मण्डवमे गठवन्धन करल जाय है ।

८. कन्यादान : दुल्हा आर दुल्हीन के मडुवामे वैठावल जाय है । आर दुल्हीनके दान करैके लेल दुल्हीनके अपन नाना, नानी, दादा, दादी, काका, काकी मेसे एक झन कन्या दान करैके लेल मण्डपके भितर वैठके पण्डित संगे मन्त्रोउचारण करैके, द्रव्य, सुन, चांदी, फलफूल, पान, सुपाडी, सहित कन्याके दान कर हैं । दान करैवालाके दुल्हापक्षसे उपहार सेहो देल जाय है । विहाके वाद दान करैवालाके घरमे लड्का पक्षसे दही, चुरा, मिडठाई, केरा, लत्ता कपडा लगायतके सामग्री लक जाय जाय हैं । जेकरा दानकरा भार कहल जाय हैं ।

९. लावा पर्छन : मडुवा (मण्डप) भितरके कन्यादान आर विहाके विधि विधान सम्पन्न भेलाके वाद मडुवाके वगलमे पण्डित आर ठाकुर मिलके आमके सुखल ठाईर सव जमा करैके आग लगाव है । वहे कनियाके अगामे रैखके पिछामे दुल्हा आर विध करैवाली महिला सव पांच वेर आइगके परिक्रमा करै है । उ परिक्रमामे कनियाके भाई धानके लवा छिट है । जेकरा विहामे आगनीके साक्षी राखल जय है सेहो कहल जाय है ।

१०. सिन्दुर दान : आइगके सामनेमे पूवमुख से कनिया आर पश्चिम मुखसे दुल्हाके राइखके साढीलक घेरके दुल्हा पांच वेर कनिया के मागमे सिन्दर दय है और वहे समय से कनिया आर दुल्हा पति पत्नीके रुपमे मानल जाय हैं ।

११. कनियाके घोघ टनी : विहा सम्पन्न हेलाके वाद अन्तिम रशम है कनियाके घोघ टनी यी घोघ टनी दुल्हाके जेठ भाय, मामा, लगायत वडबुजरुक लोक मध्ये एक जना कनियाके माथामे साढी रैखके एक आदमी घोघ हटवै छय आर एगो जेठ लोग घोघ तान है । एकर मतलव ससुरारमे छोट वडके लिहाज रखना कहल जाय है । यी रशमके वाद कन्या अपन सुरारमे बडलोकके अगामे अपन माथामे घोघ लेवाक चाहि कहल जाय है ।

१२. कनिया दुल्हाके विदाय : विहाके सम्पूण विधी विधान समापनके वाद कनिया दुल्हाके विदा करल जाय है । कनिया दुल्हा बडबुजरुक सवके गोडलाग है, प्रणाम कर है, गला मिल है । कन्या आर कनिया के वापमाय, नता गोताके लोक सव कुछ देर रुवावासी सेहो करै है आर कनिया दुल्हा विदा होय है । तेकरवाद पुन : दुल्हाके घरमे भोत भते चल है आर कनियाके देखयल भिड लाग है । कनिया वडबुजरुकके गोडलाग है आर वडबुजरुक आशिवादके साथे कुछ रुपिया सेहो दय हैं । तेकर वाद कनिया दुल्हा पति-पत्नीके रुपमे दिनाचार्य शुरु करै है ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

## मगही भाषा के कविता

### खिरकी स कन्खी मारैछि

खिरकीयोमे मछरदानी लगाक

अहा बात खुकब फेरैछी ।

हमरा त बुझाइ नइ परैया मुदा,

कि आहा कन्खी हमरा मारैछी-२

अपना सिटी नइ होत बजावल त

हमरा देख कुकरके सिटी बजबैला भिरबैछी ।

हमरा देख मुसइक मुसइक,

मितरेसे कन्खी अहा मारैछी-२

हमरे फुलक बगैचासे

हमरा पुजलेल फुल अहा तोरैछी ।

४ गो मन्तर उल्टे सिखा,

कन्खी हमरा मारैछी-२

आहक सुरत मुसकान चल्ते

गोरकी, दुःख दर्द सब सहैछी ।

हमर चेहरा देख अहा,

कन्खी खुब मारैछी-२

**फुलगेन महतो**

**हार्दिक अनुरोध**

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो । जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**
- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ ।

**कसरी गर्ने ?**
गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पदंछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**
- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले ।
- विवाह दर्ता, पति-पत्नी दुवैले ।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले ।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले ।

धनपालथान गाउँपालिकाको कार्यालय मोरंग

**खुल्यो ! खुल्यो !! खुल्यो !!!**

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौ ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

# संघ र प्रदेशको समन्वय नहुँदा काम गर्न कठिनाई

विराटनगर। नेपालमा संचालन रहेको तीन तहको सरकार मध्ये संघ र प्रदेश सरकार वी समन्वय नहुँदा काम गर्न असजिलो र कठीनाई भई रहेको प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेले वताएको छ।

खाशगरी शैक्षिक कार्यक्रम सञ्चालनमा संघीय सरकारले प्रदेश सरकारसँग समन्वय गर्न आवश्यक रहेको भन्दै समन्वय नहुँदा शैक्षिक कार्यक्रममा दोहरोपना आउने वहांको भनाई छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र वजेट लगायतका विषयमा प्रदेशका सामाजिक विकास मन्त्रीहरुसँगको संवादमा मन्त्री घिमिरेले समन्वयका लागि सुझाव दिएको छ।

प्रदेशमा प्रविधीक धारका विद्यालय संचालन र छनौटमा प्रदेश सरकारले एक खालको कायक्रम ल्याएको हुन्छ भने संघिय सरकारले अर्के कार्यत्रस्रम ल्याएको हुन्छ। समन्वय नगरी ल्याएको कार्यक्रममा निर्णयहरुगर्दा असजिलो भईरहेको प्रदेश सरकारको बुझाई छ।


समन्वय नगर्दा प्रदेश सरकारले मदन भण्डारी स्मृति प्रतिष्ठान उर्लावारीले सिटिभिटीको कक्षा संचालन गरि रहेको अवस्थमा संघीय सरकारले दमकमा काँ कक्षा सञ्चालन गर्ने निर्णय समस्या भएको छ। 'उर्लाबारी र दमककै वीचमा समान प्रकृतिका कक्षा सञ्चालन त्यत्ति व्यवहारिक भएन।'

त्यसैगरी प्रदेश सरकारले तेर्हथुमको म्याङलुङमा प्राविधिक शिक्षालाई स्थापना गर्ने सम्पूर्ण तयारी गरिरहँदा संघीय सरकारले तेर्हथुमकै आठराईमा अर्को शिक्षण संस्था सञ्चालनको तयारी गर्दा समन्वयको अभाव देखिएको छ। नमूना विद्यालय छनौट र भवन निर्माणका लागि आउने वजेट र कार्यक्रमबारे समन्वय नभएको मन्त्री घिमिरेले गुनासो गरेका थिए।

केन्द्रबाट विना मापदण्ड कार्यक्रम वितरण गरिने कुराले समस्या भएको छ। सशर्त कार्यक्रमबारे नीतिगत रुपमा स्पष्ट हुन आवस्यक रहेको छ। अघिल्लो वर्षको नीति तथा कार्यक्रममा विद्यालय मर्ज गर्ने नीति लिए पनि प्रभावकारी नभएकोले कार्यन्वयनमा जोड दिनुपर्ने तराई क्षेत्रमा विद्यालय संख्या घटाउनु पर्नेमा घिमिरेको भनाई छ।

तराईमा ३ हजार देखि ५ हजार सम्म पढ्ने क्षमता भएको विद्यालयको विकास गनुका साथै तराईमा गाडी र पहाडमा होस्टलको प्रवन्ध गरिनु पर्छ। प्रदेश १ का ९० प्रतिशत विद्यालयले देशव्यापी लकडाउन शुरु हुनुअघि नै कक्षा १ देखि ९ सम्मको परिक्षा लिईसकेकाले विद्युतिय माध्यमबाट नतिजा प्रकाशन गर्न अनुमति दिनु पर्ने, एसईई परिक्षा लकडाउन खुलेको निश्चित अवधि भित्रमा हुने भनेर सूचना दिन आवश्यक रहेको छ। कोभिड १९ र शैक्षिक सत्र आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम र वजेट लगायतका विषयको ई-मिटिङमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेल, ७ वटै प्रदेशका सामाजिक विकास मन्त्री, मन्त्रालयका सचिवहरुको सहभागिता रहेको थियो।

# कोरोना भाइरस क्या है ? कैसे फैलते हैं, लक्षण और बचाउके उपाय



कैसे फैलता हैं कोरोना वायरस

तेजी से फैल रहे कोरोना वायरस (Coronavirus) क्या है सबसे पहला सवाल ये लोगों को जहन में आ रहा है. डब्ल्यूएचओ भी इसके लिए कई सारी चेतावनियां जारी कर चुका हैं बल्कि वर्ल्ड हेल्थ अर्गेनाइजेशन ने तो चीन में स्वास्थ्य आपातकाल तक घोषति कर दिया है. यह बीमारी ज्यादा क्राउडेड एरिया में फैल सकती है. जैसे जहां पर ज्यादा लोगों इकठ्ठा हैं. कोरोना वायरस सांस या छूने से भी फैल सकती हैं. छींकने, खांसने से भी फैल सकता है.

कोरोनावायरस के लक्षण क्या होते हैं?

सबसे पहली और जरूरी बात जो आपको ध्यान रखनी चाहिए वह यह कडिरें नहीं. डरना किसी भी चीज का हल नहीं. न ही हर कसिी को शक की नजर से देखें. आपको जरूरत है पूरी जानकारी पाने की. कोरोना वायरस के लक्षणों को समझना जरूरी है. यह वायरस इंनसान की किडनी को नुकसान पहुंचा सकता है. आमतौर पर कोरोना वायरस के लक्षण निमोनिया जैसे हो सकते हैं. इसमें जुखाम, गले में दर्द, सांस लेने में दिक्कत, खांसी, बुखार जैसे लक्षण दिखते हैं. इससे ग्रस्त लोगों में सांस से जुड़ी समस्याएं, बुखार, खांसी आदि हैं. ज्यादा गंभीर मामलों में संक्रमण की वजह से निमोनिया, सीवियर एक्यूट रेस्पिरेटरी सिंड्रोम, गुर्दे खराब होना और मौत तक हो सकती है.

यह बीमारी ज्यादा क्राउडेड एरिया में फैल सकती है. जैसे जहां पर ज्यादा लोगों इकठ्ठा हैं. कोरोना वायरस सांस या छूने से भी फैल सकती हैं. छींकने, खांसने से भी फैल सकता है.

कोरोनावायरस से कैसे बचा जा सकता है ?

अगर किसी को अचानक से खांसी की समस्या शुरू हो जाए तो बेहतर होगा आप उनसे उचित दूरी बना के रखें और उनसे कहें कि वह खांसी करते वक्त अपने मुंह को किसी कपड़े से ढक कर रखें. या फिर मास्क लगा लें, कम से कम ल्ढछ या ल्ढढ क्योंकि इस खतरनाक बीमारी को नार्मल मास्क कवर नहीं कर सकता है.

कोरोनावायरस से कैसे बचा जा सकता है ?


ऐसा नहीं है कि सिर्फ खांसने से यह कोरोना वायरस फैल सकता है बल्कि अगर कोई व्यक्ति खांसी कर रहा है और वह मुंह पर हाथ लगाता है और वहीं हाथ आपसे मिलाता है तो भी यह फैल सकता है ऐसा में खाना खाने से पहले हाथों को अच्छे से धोना फायदेमंद होगा.

## कोरोना भाइरस (कोभिड-१९) को कारण देशमा चैत ११ गते देखि भएको लकडाउनमामोरंगको १७ वटै पालिकाहरुले वितरण गरेको राहतको पूर्ण विवरण


| सि.नं. | | घरधुरी संख्या | चामल (केजी) | दाल (केजी) | आलु (केजी) | नुन (केजी) | तेल (लिटर) | साबुन (पिस) | चिउरा (केजी) | भुजा (केजी) | दुध (लिटर) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | विराटनगर | २६२६८ | ३१५२१६ | ३९४०२ | ५२५३६ | २६२६८ | १३१३४ | २६२६८ | ३९४०२ | ० | ० |
| २. | रंगेली | ७७५२ | ११६२८० | ११६२८ | ० | ७७५२ | ७७५२ | १५५०४ | ० | ० | ० |
| ३. | सुनवर्षी | २४९२ | ४९८४० | २४९२ | ० | २४९२ | ० | ० | ० | ० | ० |
| ४. | धनपालथान | ६४२१ | ६४२१० | ६४२१ | ० | ६४२१ | ३२१०.५ | ० | ० | ० | ० |
| ५. | रतुवामाई | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६. | बेलबारी | ४११५ | १८१०६०० | ७२४५५ | ० | ४११५ | ४११५ | ४५५ | ० | ० | ० |
| ७. | सुन्दरहरैचा | ४८०० | ९६००० | ४८०० | ० | ४८०० | ० | ० | ० | ० | ० |
| ८. | केराबारी | १५११ | २३७०५ | १५११ | ० | १५११ | ० | १७९२ | ० | ० | ० |
| ९. | ग्रामथान | २५४४ | २५४४० | २५४४ | ० | २५४४ | १२७२ | ० | ० | ० | ० |
| १०. | जहदा | ५८१६ | ७५७३५ | ५८१६ | ० | ५८१६ | २९०८ | ११५० | ० | ० | ११५० |
| ११. | कटहरी | ४००० | ६०००० | ४००० | १५२० | ४००० | २००० | ४००० | ० | ० | ३८० |
| १२. | बुढिगंगा | ६३८३ | ९५७४५ | ६३८३ | ० | ६३८३ | ३१९१.५ | ६३८३ | ० | ० | ० |
| १३. | लेटाङ | २१४१ | २५६९२ | २१४१ | ४२८२ | २१४१ | १०७०.५ | ४२८२ | ० | ० | ० |
| १४. | पथरी शनिश्चरे | ४२९४ | ९८३०२ | ७८९२ | ० | ४२९४ | ४२९४ | ७८९२ | ० | ० | ० |
| १५. | कानेपोखरी | २२४० | ३४०९० | ३२११ | ० | २२४० | १६०६ | ३२०९ | ० | ० | ० |
| १६. | उर्लाबारी | ७९३ | २१२१० | २१२१ | ० | १४१४ | १४१४ | २८२८ | ० | ० | ० |
| १७. | मिक्लाजुङ | १५४२ | १५६४७ | ७७१ | | ० | ७७१ | ० | ० | ० | ० |
| जम्मा | | ८३११२ | २९२७७१२ | १७३५८८ | ५८३३८ | ८२१९१ | ४६७३९ | ७३७६३ | ३९४०२ | ० | १५३० |

'तपाई हाम्रो सचेतता, कोरोना भाइरस रोगको संक्रमण रोक्न अपनाऔं सतर्कता'

कोरोना भाइरस कोभिड-१९ रोग स्वासप्रश्वासको माध्यमबाट सर्ने संक्रमण हो ।



संक्रमित व्यक्तिले खोक्दा र हाछ्यू गर्दा निस्कने थुक र सिगानको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा यो भाइरस सर्दछ ।



जनहितका लागि प्रदेश १ सरकारको सन्देश

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# जनमत पार्टी सधै जनताको साथमा

विराटनगर । विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) सम्बन्धा जनमत पाटीका अध्यक्ष डा. सिके राउतले १४ बुढे अपिल जारी गरेको छ ।

उक्त अपिलमा भनिएको छ कोरोन भाइरसले निम्तियाएको संकटको घडीमा प्रभावकारी तरीकाले सामना गर्न नेपाल सरकार सवै राजनीतिक पार्टी, नागरिक समाज र सरोकारवालाहरुमा अपिल गरको छ ।

डा. राउतले गरेको अपिलको पूर्णपाठ यस प्रकार रहेको छ ।

१. कोभिड-१९ को महामारीसँग लड्न टेस्ट, ट्रेस, आइसोलेट र ट्रीटको रणनीति प्रभावकारी ढंगले संचालन गर्न जनसंख्याको अनुपातमा आवश्यक परीक्षण माध्यम को सुलभ व्यवस्था गर्ने, सुविधायुक्त व्यवस्थित क्वारेन्टाइन र आइसोलेसन वार्डहरू संचालन गर्ने र उपचारका लागि आवश्यक भेन्टिलेटर, पीपीई, एन ९५ मास्क, औषधी सहितका सरसामानहरू अस्पतालहरूलाई अविलम्ब उपलब्ध गराउन पहल गर्ने । अरू नै समस्याबाट ग्रस्त बिरामीहरूलाई समेत अस्पतालले सेवाबाट बंचित गरिराखेका र भर्ना नलिएका घटनाहरू प्रकाशमा आएकाले सो विषयमा सरकारले कड़ा कदम चाल्नु पर्ने ।

२. कोभिड-१९ को महामारीसँग अग्रपंक्तिमा लड़िरहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी आदिलाई आवश्यक हुने सुरक्षा उपकरण, मास्क, पीपीई आदि अविलम्ब उपलब्ध गराउने र उनीहरूको मनोबल उच्च राख्न सेवा-सुविधामा वृद्धि गरिनुका साथै उनीहरूलाई विमित गर्ने ।

३. लकडाउनको २५ दिन बितिसक्दा पनि देशका करिब ६५०० वडाहरूमध्ये अधिकांश वडामा अझै पनि नेपाल सरकारले राहत दिन सकेको छैन । परिणामस्वरूप लाखौं जनतालाई घरमा चुल्हो बाल्न धौधौ परिराखेको अवस्था छ । अझै पनि वडाहरू "विपन्न र गरिब" वर्ग पहिचान गर्न र सूची बनाउनमै अल्झेका छन् । राहत सूचीमा वास्तविक हकदारहरू नभई सत्ताधारी पार्टीका हुनेखाने कार्यकर्ताहरू र जनप्रतिनिधिकै आसेपासे तथा नातेदारहरूकै नाम समावेश भइराखेको अवस्था छ । राहतमा पनि चरम भागबण्डा, भ्रष्टाचार र कमिशनको खेल भइराखेको छ । लक(डाउनको २५ दिन भइसक्दा पनि अत्यावश्यक राहत यस्तो संकटको घड़ीमा लक्षित समूहसम्म पुऱ्याउन नसक्दा समग्र राज्य व्यवस्था नै असफल भएको र जनतामा चरम निराशा व्याप्त हुनुका साथै जनता प्रताड़ति भइराखेको अवस्था छ । यस्तो अवस्थामा संघीय, प्रदेश र स्थानीय सरकारले अविलम्ब कडा कदम चाली प्रभावकारी तरिकाबाट आर्थिक रूपमा विपन्न, दलित र दैनिक ज्यालादारी गरी गुजारा गर्ने मजदुर सहित आवश्यक सबैलाई राहत पुऱ्याउन माग गर्दछौं ।

४. राहतको लागि नागरिकता माग्ने, भोट हाम्रै पार्टीलाई दिएको हो कि होइन भनेर जनप्रतिनिधिले सोध्ने, राहत लिन आफ्नो पार्टीमा प्रवेश गर्न जनप्रतिनिधिले दबाब दिने आदि जस्ता कार्य गरी जनतालाई यस्तो संकटको समयमा यातना दिने घृणित काम भइराखेको हुँदा सो कार्यहरू तुरन्त बन्द गर्न गराउन सम्बन्धित सबैलाई अनुरोध गर्दछौं ।

५. कोभिड-१९ को महामारीले विकराल रूप लिएमा र संक्रमण सामुदायिक स्तरमा फैलेमा अझ कडा रूपमा दीर्घकालसम्म लक(डाउन गर्नु पर्ने हुनसक्छ । सो अवस्थामा राहत, औषधी, खाद्यान्न लगायतका सामग्री प्रहरीले वा वडा कार्यालयले अनुशासित जनशक्ति राखेर घर(घरमै सुरक्षित तरिकाले पुऱ्याउनु पर्ने रणनीति लिनु पर्ने देखिन्छ । सोको आवश्यक तैयारी गर्न सम्पूर्ण स्थानीय सरकारहरूलाई अनुरोध गर्दछौं ।

६. संसद् विकास कोषको रकम त्यसैपनि प्राय : कार्यकर्ता पाल्ने र चरम भ्रष्टाचार गर्ने माध्यम मात्रै रहेको देखिएकोले सङ्घीय संसद् र प्रदेश सभाको संसद् विकास कोषको रकम कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषमा जम्मा गर्नु पर्ने हाम्रो ठहर रहेको छ ।

७. संघीय, प्रदेश र स्थानीय तहमा भएको चरम भ्रष्टाचारलाई कोभिड-१९ महामारीको मौका छोपेर ढाकछोप गर्ने, बिर्सिने र ध्यान अन्यत्रै मोड्ने प्रयत्न भइराखेको हुँदा त्यसलाई रोक्न र जनप्रतिनिधि चुनिएदेखिका नै सबै अनियमितता र भ्रष्टाचार छानबिन गर्न हामी माग गर्दछौं । साथै, राहत वितरणमा हाल भइरहेको चरम अनियमितता र भ्रष्टाचारलाई स्थानीय तहदेखि संघीय तहसम्म छानबिन गरेर कारबाही प्रक्रिया अगाडी बढाउन हामी सम्बन्धित निकायसँग माग गर्दछौं ।

८. राहत वितरणमा एकद्वारे नीति ल्याएर स्थानीय स्तरमा हाम्रो पार्टी तथा अन्य समाजसेवीहरूद्वारा गरिने गरेको राहत वितरणमा रोक लगाएको प्रति हाम्रो गम्भीर आपत्ति छ। स्थानीय सरकारहरूले आफ्नै राहत तथा संघीय वा प्रदेश सरकारले उपलब्ध गराएको राहत वितरण गर्न असफल रहेको अवस्थामा एकद्वारे नीति कदापि उपयुक्त नरहेको र सहयोगको कुरामा 'आफू पनि नगर्ने, अरूलाई पनि गर्न नदिने' मानसिकताले सत्ताधारी पार्टीहरू ग्रस्त रहेको जनमत पार्टीको ठहर छ । राहत वितरणमा एकद्वारे नीति ल्याए पनि स्थानीय प्रशासनले सत्ताधारी पार्टीहरूलाई राहत वितरण गर्न पास दिने तर अरूलाई नदिने कुरामा पनि हाम्रो गम्भीर आपत्ति रहेको छ ।

९. विभिन्न जिल्लामा राहत वितरण गर्न गएका हाम्रा पार्टीका कार्यकर्ताहरूलाई स्थानीय जनप्रतिनिधिहरूले आफ्नो राजनैतिक प्रभाव र साख गिर्ला भन्ने डरले प्रहरी प्रशासनलाई बोलाएर गर्न लगाएको दमनको हामी घोर भर्त्सना गर्दछौं। जनमत पार्टीका कुनै पनि नेता, कार्यकर्ता र स्वयंसेवकहरूमाथि हुने गरेको दमन अविलम्ब बन्द होस् ।

१०. काठमाडौं वा देशका अन्य भागबाट घर फर्कंदै गरेका र बाटोमा अलपत्र परेकाहरूलाई तुरुन्त उद्धार गरेर गन्तव्यसम्म पुऱ्याउने, आवश्यक परे क्वारेन्टाइनमा राख्ने वा आरडीटी गर्ने। काठमाडौं वा देशका अन्य ठाउँमा फसेका मजदुर, विद्यार्थी वा आम( नागरिकलाई बस्ने(खाने उपयुक्त व्यवस्था गर्न सम्बन्धित स्थानीय निकाय र प्रदेश तथा संघीय सरकारलाई अनुरोध गर्दछौं ।

११. विदेशमा समस्यामा रहेका नेपाली नागरिकहरूलाई सकेसम्म सम्बन्धित देशमैं पहल गरेर उचित व्यवस्था गर्न लगाउनेस 'डिपोर्ट' गरिएका वा फर्किन चाहने नागरिकहरूको हकमा उनीहरूलाई सुरक्षित तरिकाले ल्याउने, आवश्यकता अनुसार क्वारेन्टाइन मा राख्ने र घर फर्किन वातावरण तैयार गर्ने ।

१२. विभिन्न ठाउँमा प्रहरीहरूद्वारा अस्पतालको ड्युटीबाट फर्किंदै गरेका डाक्टरहरू, औषधी किनेर फर्किंदै गरेका बिरामीहरू र अत्यावश्यक सामान खरीद गरेर फर्किंदै गरेका जनतामाथि लाठीचार्ज भइराखेका घटनाहरू देखिन आएको हुँदा लक-डाउन र शान्ति-सुरक्षा पालन गराउन खटिएका सुरक्षाकमी हरूलाई 'लकडाउन' को मर्म बुझ्न र 'ब्लाङ्केट कारबाही' नगरी मान्छेको अवस्था र कारण हेरी सही व्यवहार गर्न उपयुक्त निर्देशन जारी गर्न गृह मन्त्रालयलाई आग्रह गर्दछौं । जनतामाथि अनुचित दमन गर्ने, अनावश्यक दम्भ देखाउने र मानवअधिकार हनन गर्ने प्रहरीहरूलाई आवश्यक कारबाहीको दायरा भित्र ल्याउने माग पनि गर्दछौं ।

१३. कोभिड-१९ को महामारी र लक(डाउन लम्बिएको खण्डमा कृषि प्रभावित हुने, विदेशबाट आयात हुने खाद्यान्न पनि रोकिने र खाद्यान्न संकट आई भोकमरी निम्तिन सक्ने हुनाले स्थानीय तहले नै मेशिनहरूको अधिकतम प्रयोग गर्दै नियन्त्रित वातावरणमा अनुशासित सिमित जनशक्तिले सम्पूर्ण वडाको जमीनमा सामुदायिक खेती गर्ने जिम्मेवारी लिने तिर अग्रसर हुनुपर्दछ ।

१४. कोभिड-१९ को महामारीको कठिन समयमा समस्त जनतासँग धैर्य र संयमतापूर्वक सरकारले घोषणा गरेको लकडाउन पालन गर्न, विशेषज्ञहरूले भने अनुसार सरसफाइमा ध्यान दिन र मास्क प्रयोग गर्न तथा सुरक्षित रहन अपिल गर्दछौं ।

डा. राउतले नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको निर्देशन र कोरोना उपचारमा संलग्न भएको विशेषज्ञ डाक्टरहरुको निर्देशन पालनगर्नका साथै सरसफाइमा समेत ध्यान दिने अपिल गरेको छ ।

## कोरोना...

मुख्य चिन्ता भनेको नयाँ आयामको साथ अर्थव्यवस्था पुनर्जीवित गर्नु हो । नवउदारवादी अर्थव्यवस्थाको विश्वव्यापी उत्पादन, व्यापार, शासन र शक्ति संरचनाले भोकमरी हटाउन सकेन । बरु, असमानतालाई झनै प्रबल बनायो ।

विश्व खाध्य सुरक्षा समितिले भोकमरी उन्मूलनका लागि देशले नेतृत्व गरेको प्रक्रियामा जोड दिएको छ । 'भोकविनाको संसार' का लागि एक अन्तर्राष्ट्रिय प्रतिबद्धता जिरो हंगर च्यालेन्जले सन् २०२५ सम्म र दीगो विकास लक्ष्यले २०३० सम्मविश्वबाट भोकमरी अन्त्य गर्न आव्हान गरेको छ । तर, वर्तमान महामारीले तोकिएको समयमा यी लक्ष्यहरू प्राप्त गर्न गाह्रो बनाएको छ ।

न त नवउदार आर्थिक नीतिले यसलाई नितिगत रुपले सघाउँछ । यसका लागि राज्यबाट स्थानीय खाध्य प्रणालीको विकास गर्ने गरी संरक्षणात्मक हस्तक्षेपको आवश्यकता छ । यसले खाध्य सुरक्षाका लागि समुदायको उत्थानशीलतालाई सुदृढ पार्छ र कार्बन उत्सर्जन पनि कम गर्दछ। ।

यद्यपि किसानहरुलाई खेतीयोग्य जमीन उपलब्ध हुने गरी भूमिसुधारर मूल्य श्रृंखलामा ध्यान केन्द्रित हुने गरी कृषि सुधार गर्न आवश्यक छ भने किसानहरुलाई पुँजीमा पहुँचको विशेष व्यवस्था हुनु जरुरी छ । यस्तो आर्थिक नीतिलाई 'संरक्षित उदारवाद' वा राजनीतिक रूपमा 'उदार समाजवाद' भनेर चिनिन्छ ।

तल्लो तप्काका व्यक्तिहरुलाई विशेष संरक्षण गरी बजारमा मुलप्रवाहीकरण गरी समावेशी समाज निर्माण गर्नु संरक्षणवादी उदारवादको आधारभूत सिध्दान्त हो । त्यस्तै छुटेका समुदायलाई संलग्न गराई तलबाट नै समावेशी शासन निर्माण गर्नु उदार समाजवादको रणनीति हो । यसले सीमान्तकृत व्यक्तिको जीवनमा मुक्तिकामी परिवर्तन ल्याउने छ र विश्वबाट भोक हटाउन स्थानीय खाध्य प्रणाली निर्माण गर्ने आधार स्तम्भ हुनेछ । (लेखक नेपाल सरकारका सहसचिव हुन् ) अनलाईन खबरवाट

बेटा बेटी दोनो बराबर है । तै स बेटा बेटीमे भेदभाव नै कैरके दो के स्कुल भेजु ।

